ठाटीकाँध गाउँपालिका

लकान्द्र, दैलेख
कर्णाली प्रदेश ,नेपाल
स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड १ | (सँख्या १०) | भाद्र, २५ गते २०७५ साल |

भाग २

गाउँ सभाको मिति २०७५ असार २८ गते स्वीकृत भएको देहाय बँमोजिमको कार्यविधि स्थानीय सरकार सँचालन ऐन ,२०७४ बँमोजिम सर्वसाधारणहरुको जानकारीकोलागि प्रकाशन गरिएको छ ।

# ठाटीकाँध गाउँ कार्यपालिकाको बैठक संचालन सम्बन्धी कार्यविधि, २०७५

**१. प्रस्तावना:** ठाटीकाँध गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७५ को **नियम १० (७)** बमोजिम ठाटीकाँध गाउँ कार्यपालिका को बैठक संचालनको लागि यो कार्यविधि स्वीकृत गरी जारी गरिएको छ ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा कार्यविधिमाः

(क)"नियमावली" भन्नाले ठाटीकाँध गाउँ कार्यपालिका को कार्यसम्पादन नियमावली २०७५ लाई सम्झनु पर्दछ ।

(ख) "वडा अध्यक्ष" भन्नाले ठाटीकाँध गाउँपालिकाको वडाको वडा अध्यक्ष सम्झनु पर्दछ ।

(ग) "वडा सदस्य" भन्नाले ठाटीकाँध गाउँपालिकाको वडाको वडा सदस्य सिम्झनु पर्दछ ।

(घ) "अध्यक्ष" भन्नाले ठाटीकाँध गाउँपालिकाको बैठकको अध्यक्षता गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।

(ङ) "गाउँपालिका" भन्नाले ठाटीकाँध गाउँपालिका सम्झनु पर्दछ ।

(च) "कार्यपालिका" भन्नाले ठाटीकाँध गाउँपालिकाको कार्यपालिका सम्झनु पर्दछ ।

(छ) "वडा समिति" भन्नाले ठाटीकाँध गाउँपालिकाको वडा समिति सम्झनु पर्दछ ।

(ज) "कार्यापालिका सदस्य" भन्नाले ठाटीकाँध गाउँ कार्यापालिका का सदस्य सम्झनु पर्दछ ।

**३. वडा समितिको बैठकः**

**३.१** वडा समितिको बैठक कम्तीमा महिनाको एक पटक बस्नेछ । तर महिनामा तिन पटक भन्दा बढी बैठक बसेको भत्ता पाईने छैन ।

**३.२** वडा समितिको बैठकको अध्यक्षता वडा अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित ज्येष्ठ सदस्यले वडा समितिको बैठकको अध्यक्षता गर्नेछ ।

**३.३** वडा समितिको बैठक वडा अध्यक्षको निर्देशनमा वडा सचिवले बोलाउनेछ ।

**४. बैठक बस्ने स्थान र समयः**

**४.१** वडा समितिको बैठक वडा समितिको कार्यालयमा बस्नेछ ।

**४.२** वडा समितिको बैठकका लागि सूचना गर्दा बैठक बस्ने मिति,समय र स्थान खुलाइ पठाउनु पर्नेछ।

**४.३** यसरी सूचना गर्दा बैठक बस्ने समयभन्दा **तिन** दिन अगावै उपलब्ध गराउनु पर्नेछ ।

**५. छलफलको विषयः**

**५.१** वडा समितिको बैठक बोलाउँदा सो बैठकमा छलफल गरिने विषय स्पष्ट रुपले किटान गरी बैठक बस्ने मिति भन्दा सामान्यतया २४ घण्टा अगावै वडा सचिवले सबै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ ।

**५.२** वडा अध्यक्षको निर्देशनमा वडा सचिवले वडा समितिको बैठकको कार्यक्रम लिखित रुपमा तयार गर्नेछ । प्रस्ताव सम्बन्धी खाका अनुसूची १ बमोजिम हनेुछ ।

**६.उपस्थिति**

**६.१** बैठकमा उपस्थित प्रत्येक सदस्यले उपस्थित पुस्ताकामा आफ्नो नाम र बुझिने गरी दस्तखत गर्नुपर्नेछ ।

**६.२** वडा सचिवले वडा समितिको बैठकमा सचिवको रुपमा उपस्थित पुस्तिकामा उपस्थिति जनाई दस्तखत गर्नुपर्ने छ ।

**७. बैठक संचालन प्रक्रिया**

**७.१** बैठकलाई सुव्यवस्थित गर्ने काम बैठकको अध्यक्षता गर्ने व्यक्तिको हुनेछ ।

**७.२** अध्यक्षको आसनको सम्मान र आदर गर्नु वडा समितिको प्रत्येक सदस्यको कर्तव्य हुनेछ ।

**७.३** बैठकमा छलफल विषय सूचिका आधारमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले तोके बमोजिम हुनेछ ।

**७.४** बैठकको छलफलमा भाग लिने सदस्यले बोल्ने पालो तथा बोल्न पाउने समयको अवधि बैठकको अध्यक्षता गर्ने व्यक्तिले निधारण गरे बमोजिम हुनेछ ।

**७.५** एक जना सदस्यले बोलिरहेको समयमा अर्को कुनै सदस्यले बीचमा कुरा काट्नु हुँदैन ।

**८. निर्णय सम्बन्धी व्यवस्था**

**८.१** प्रस्ताव माथि बोल्ने क्रम समाप्त भएपछि बैठकको अध्यक्षता गर्ने व्यक्तिले सो प्रस्ताव निर्णयको लागि प्रस्तुत गर्नेछ ।

**८.२** बैठकको निर्णय सामान्यतया सर्वसम्मतिको आधारमा हुनेछ । मत विभाजन हुने अवस्थामा अध्यक्षता गर्ने व्यक्ति सहित तीन जना सदस्यको बहुमतले गरेको निर्णय बैठकको निर्णय मानिनेछ ।

**९. निर्णयको अभिलेख**

**९.१** वडा सचिवले बैठेकमा भएको निर्णयलाई निर्णय पुस्तिकामा अभिलेख गरी उपस्थित सदस्यलाई सही गराइ राख्नुपर्नेछ ।

**९.२** बैठकबाट भएको कुनै निर्णयमा चित्त नबुझ्ने सदस्यले निर्णय पुस्ताकामा छोटकरीमा आफ्नो फरक मत जनाउन सक्नेछ ।

**१०. गाउँ कार्यपालिकाको बैठक**

**१०.१** ठाटीकाँध गाउँ कार्यपालिकाको बैठक कम्तीमा महिनाको एक पटक र आवश्यकता अनुसार सो भन्दा बढी पटक बस्न सक्नेछ ।

**१०.२** ठाटीकाँध गाउँ कार्यपालिकाको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपाध्यक्षले कार्यपालिकाको बैठकको अध्यक्षता गर्नेछ ।

**१०.३** ठाटीकाँध गाउँ कार्यपालिकाको बैठक अध्यक्षको निर्देशनमा प्रमुख प्रशासकीय अधिकृतले बोलाउनेछ ।

**११. बैठक बस्ने स्थान र समय**

**११.१** ठाटीकाँध गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिकाको कार्यालयमा बस्नेछ ।

**११.२** ठाटीकाँध गाउँ कार्यपालिकाको बैठकका लागि सूचना गर्दा बैठक बस्ने मिति, समय र स्थान खुलाइ पठाउनु पर्नेछ ।

**११.३** यसरी सूचना गर्दा बैठक बस्ने समय भन्दा तीन अगावै उपलब्ध गराउनु पर्नेछ ।

**१२. छलफलको विषय**

**१२.१** गाउँ कार्यपालिकाको बैठक बोलाउँदा सो बैठकमा छलफल गरिने विषय स्पष्ट रुपले किटान गरी बैठक बस्ने मिति भन्दा सामान्यतया २४ घण्टा अगावै प्रमुख प्रशासकीय अधिकृतले सबै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ ।

**१२.२** अध्यक्षको निर्देशनमा प्रमुख प्रशासकीय अधिकृतले कार्यपालिकाको बैठकको कार्यक्रम लिखित रुपमा तयार गर्नेछ ।

**१२.३** बैठकमा छफलका लागि पेश गर्ने प्रस्ताव सम्बन्धी अन्य व्यवस्था कार्यसम्पादन नियमावलीमा तोकिए बमोजिम हुनेछ ।

**१३.उपस्थिति**

**१३.१** बैठकमा उपस्थि प्रत्येक सदस्यले उपस्थिति पुस्तिकामा आफ्नो नाम र बुझिने गरी दस्तखत गर्नुपर्नेछ ।

**१३.२** प्रमुख प्रशासकीय अधिकृतले गाउँ कार्यपालिका को बैठकमा सचिवको रुपमा उपस्थित भई पुस्तिकामा उपस्थिति जनाई दस्तखत गर्नुपर्नेछ ।

**१४. बैठक संचालन प्रक्रिया**

**१४.१** बैठकलाई सुव्यवस्थित गर्ने काम बैठकको अध्यक्षता गर्ने व्यक्तिको हुनेछ ।

**१४.२** अध्यक्षको आसनको सम्मान र आदर गर्नु कार्यपालिका का प्रत्येक सदस्यको कर्तव्य हुनेछ ।

**१४.३** बैठकको छलफल विषय सूचीका का आधारमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले तोके बमोजिम हुनेछ ।

**१४.४** बैठकको छलफलमा भाग लिने सदस्यले बोल्ने पालो तथा बोल्न पाउने समयको अवधि बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्धारण गरे बमोजिम हुनेछ ।

**१४.५** एक जना सदस्यले बोलिरहेको समयमा अर्को कुनै सदस्यले बीचमा कुरा काट्नु हुँदैन ।

**१५. निर्णय सम्बन्धी व्यवस्था**

**१५.१** प्रस्ताव माथि बोल्ने क्रम समाप्त भएपछि बैठकको अध्यक्षता गर्ने व्यक्तिले सो प्रस्ताव निर्णयको लागि प्रस्तुत गर्नेछ ।

**१५.२** बैठकको निर्णय सामान्यतया सर्वसम्मतिको आधारमा हुनेछ । मत विभाजन हुने अवस्थामा अध्यक्षता गर्ने व्यक्ति सहित बहुमत सदस्यको निर्णय बैठकको निर्णय मानिनेछ ।

**१५.३** बजेट, कार्यक्रम, नीति तथा स्थानीय तहको नियमावली बाहेकको विषयमा १५.२ बमोजिम निर्णय हुन नसकेमा व्यक्तिगत उत्तरदायित्व निज माथि रहने गरी गाउँ कार्यपालिकाको अध्यक्षले गरेको निर्णय अन्तिम हुनेछ ।

**१६. निर्णयको अभिलेख**

१६.१ प्रमुख प्रशासकीय अधिकृतले बैठकमा भएको निर्णयलाई निर्णय पुस्तिकामा अभिलेख गरी उपस्थित सदस्यलाई सही गराइ राख्नुपर्नेछ ।

**१६.२** बैठकबाट भएको कुनै निर्णयमा चित्त नबुझ्ने सदस्यले निर्णय पुस्तिकामा छोटकरीमा आफ्नो फरक मत जनाउन सक्नेछ ।

**१७. बाधा अड्काउ फुकाउनेः**

**१७.१** यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परे गाउँकार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

**१८. परिमार्जन तथा संशोधनः**

**१८.१** कार्यविधिलाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

अनुसूची -१

प्रस्तावको ढाँचा

(बुँदा ५.२ सँग सम्बन्धित)

ठाटीकाँध गाउँपालिका

ठाटीकाँध गाउँ कार्यपालिकाको कार्यालय, लकान्द्र

दैलेख, कणाली प्रदेश, नेपाल

विषयः ........................................................................ ।

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृत प्राप्त मितिः-

१. विषयको संक्षिप्त व्यहोराः-

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः-

३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्बन्धित शाखाको रायः-

४. निर्णय हुनु पर्ने व्यहोराः-

**नोटः प्रस्ताव तयार गर्दा देहायका कुराहरुमा ध्यान दिनुपर्नेछः-**

१. ''विषयको संक्षिप्त व्यहोरा"अन्तर्गत रहने विवरणः-

विषयबस्तुको पृष्टभूमीमा यसबारे पहिले कुनै निर्णय भएको भए सोको विबरण, प्रस्तावित निर्णय कार्यान्वय प्रक्रिया, समयावधि, कार्यक्षेत्र, कार्यान्वयन गर्ने निकाय र लाग्ने आर्थिक दायित्व भए सो समेत उल्लेख गरी कुनै योजनाको विषय भए सो बारे छोटकरी विबरण उल्लेख गर्ने ।

२. ''प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा" अन्तर्गत कार्यपालिका समितिहरु र अन्य निकाय तथा विशेषज्ञहरुले कुनै परामर्श दिएको भए सो समेत उल्लेख गर्ने । साथै विषय सँग सम्बन्धि नक्सा, डिजाइन वा चित्र भए सो समेत समावेश गर्ने । कानूनी परामर्श लिएको भए प्रतिलिपी समेत समावेश गर्ने ।

३. ''प्रस्ताव पेश गर्नुपर्नाको कारण सम्बन्धि शाखाको राय" अन्तर्गत सम्बन्धित विषयमा आईपरेको कठिनाई र समस्या, प्रस्तावित निर्णयको औचित्य र आवश्यकता तथा त्यसबाट पर्न सक्ने प्रभाव समावेश गर्ने ।

४. '' निर्णय हुनुपर्ने व्यहोरा" अन्तर्गत जुन विषयमा जे जस्तो निर्णय हुन प्रस्ताव गरिएको हो सोको स्पष्ट व्यहोरा राख्ने ।

आज्ञाले<br>दिपेन्द्र बहादुर शाही<br>नि.प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मिति २०७५।०३।२८